# त्रिपुरासुन्दरी गाउँपालिकाको पाँचौ गाउँसभा

## आर्थिक वर्ष २०७६/७७ को लागि

## गाउँपालिकाका आदारणीय अध्क्षय श्री शम्भु कुमार थापा ज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम

त्रिपुरासुन्दरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सल्यानटार,धादिङ

२०७६

**अनुसूची १**

## आ.व २०७६/०७७ को बार्षिक नीति तथा कार्यक्रम

त्रिपुरासुन्दरी गाउँपालिकाको सम्मानित पाँचौ गाउँसभाका, उपाध्यक्षज्यू, जिल्ला समन्वय समितिका सदस्यज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, वडा सदस्यज्यूहरु, राजनीतिक तथा सामाजिक प्रतिष्ठित व्यक्तित्वहरु लगायत सभाका निमन्त्रित र आमन्त्रित पाउनाहरु तथा तमाम कर्मचारी मित्रहरु, हार्दिक अविभादन !

पाँचौ गाउँसभाको महत्वपूर्ण अबसरमा सर्बप्रथम लोकतान्त्रिक राज्य व्यबस्था परिबर्तनका विभिन्न आन्दोलन र आभियानहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाईते,अपाङ्गता भएका सम्पूर्ण योद्दाहरु र परिवारजन प्रति सेवा समर्पित भई काम गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु|

नेपाली जनताले पटक पटक गरेका त्याग र बलिदान ऐतिहासिक जनआन्दोलको गौरवपूर्ण इतिहाँसको जगमा नेपालको स्वतन्त्रता, सार्बभौमिकता ,भौगालिक अखण्डता,राष्ट्रिय एकता, स्वधिनता र स्वभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार स्वतन्त्रता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकत्रान्तिक गणतनत्रात्माक शासन ब्यबस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, बिकास र संवृद्धिलाई पूरा गर्न संबिधानसभाबाट पारित नेपालको संबिधान २०७२ को पहिलो कार्यान्वयन स्वरुप सम्पन्न स्थानीय तहको निर्बाचन मार्फत नेपालको इतिहाँसमा गठन भएको त्रिपुरासुन्दरी गाउँपालिकाको ऐतिहासिक पाँचौ गाउँसभामा स्थानीय सरकारको नीति तथा कार्यक्रम सिंहदरबारको अधिकार जनताको घरदैलोमा आएको अनुभूति हुनेगरी पेश गर्न पाउँदा गौरावशाली ठानेको छु|

नेपालको ईतिहासमा नेपाली जनताले कहिले राणा शासनको बिरुद्धमा, कहिले पंचायती व्यबस्थाको बिरुद्धमा, कहिले सशस्त्र संघर्षले निम्त्याएको जटिल संक्रमणकाल बिताउदै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने अबधि सम्म आईपुग्न धैरै दशक पार गर्नु परेको छ| हाल उपलब्धि स्वरुप सार्वभौम अधिकार सम्पन्न संबिधान सभाले नेपाली जनताको अधिकारहरु संस्थागत गर्दै नेपालको संबिधान २०७२ जारी भए पछि अधिकार प्राप्तिको राजनैतिक संघर्स सकिएको छ|संबिधान कार्यन्वयन मार्फत, आर्थिक संवृद्धिको लागि द्रुत र प्रभाबकारी कार्यान्वयनको लागि आ.व ०७६/०७७ को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष पेश गर्न चाहन्छु|

नेपालको संविधानले तीन तहको सरकार व्यवस्था गरे अनुसार जनताले देख्न,छुन,बोल्न र प्रत्यक्ष व्यवहार गर्न पाउने संबैधानिक अधिकार प्राप्त स्थानीय सरकार हो|

नेपालको संबिधान २०७२ को धारा ५६ मा राज्यको संरचनामा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचनामा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने व्यबस्था छ भने धारा ५७ को उपधारा ४ मा स्थानीय सरकारको अधिकार सम्बन्धकै अनुसूची ८ मा उल्लेखित बिषयमा निहित रहनेछ |उल्लेखित अधिकारको प्रयोग गाउँसभा र सभाले बनाएका कानुनहरुलाई पूरा गर्न आवश्यक ऐन,नियमावली र कार्यविधि बनाएर संचालन हुने व्यबस्था छ| यसरी प्राप्त हुने अधिकारको समुचित प्रयोगबाट त्रिपुरासुन्दरी गाउँपलिकाको क्षेत्र भित्रको विकास सेवा प्रबाह जनउत्तरदायी र जवाफदेही सरकारको अनुभूति हुने गरी कार्य गर्ने प्रतिबद्धता ब्यक्त गर्न चाहन्छु|

अनुसूची ९ मा उल्लेखित साझा अधिकारहरु सहित संबिधानले तीन तहको सरकारको अधिकार बाँडफाड गरेतापनि अझै धेरै बिषयहरुलाई साझा अधिकार क्षेत्र भित्र राखिएको छ| सबै तहबाट कानुन बनाई स्पष्ट कार्यन्वयनमा सहजता ल्याउन जरुरी देखिन्छ |

**१) आर्थिक विकास नीति:**

**क) आन्तरिक आय:**

- आन्तरिक आय वृद्धि गर्न सम्भाव्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरी व्यवस्थित ढंगले करको दायरामा ल्याउन एक संयन्त्र निर्माण गरी परिचालन गरिनेछ|
- सम्पति कर लगाउने व्यबस्था मिलाइने छ |
- घर नक्सालाई अनिबार्य गर्न व्यवस्थित गर्दै र घर बहाल करलाई पनि कार्यान्वयन मा ल्याइनेछ|
- ढुंगा गिट्टी बालुवा ,माटो,काठ दाउरा,जड्डीबुटी जस्ता प्राकृतिक स्रोत साधनहरुको सदुपयोग गर्दै राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउदै लगिनेछ |
- संचालित इट्टा भट्टा र फर्निचरहरु संचालन गर्न बिधि बनाइ कार्यान्वयनमा ल्याईनेछ|

**ख) कृषि तथा पशु विकास** :

- कृषि क्षेत्रको आधुनिकीकरण र व्याबसयिकरणमा जोड दिई निर्भरमुखी कृषि प्रणालीलाई व्याबसयिकरण एबं प्रतिस्प्रधात्मक कृषि प्रणालीमा रुपान्तरण गर्न जोड दिईने छ|माटोको उर्बर शक्तिलाइ जोगाइ राख्न माटो परिक्षण कार्यमा बिशेष जोड दिईनेछ|
- मौरी पालना, कुखुरा पालन तथा टनेल खेतिलाई व्यबसायिक बनाउन प्रोत्साहन गरिनेछ|
- थलो सुधार कार्यक्रम मार्फत पशुपालनमा सहजता ल्याउन आबश्यक नीति ल्याइने छ|
- युवा तथा कृषकहरुलाई व्यावसायिक बनाउन बिशेष तालीमको व्यबस्था मिलाइने छ|
- वाली बीमा र पशु बीमा कार्यक्रमलाई प्रभाबकारी बनाउन पहल गरिनेछ|
- साझेदारी नीति बनाई कृषक समूहहरुमा ट्र्याक्टर वितरण कार्यक्रमलाई निरन्तरता दिइएनेछ|
- विभिन्न कृषक समूहहरुमा खाद्य अन्नहरु र तरकारी खेतिहरुको पकेटक्षेत्र पहिचान गरी बिशेष कार्यक्रमहरु ल्याइनेछ|
- कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणको व्यबस्था मिलाईनेछ|
- प्राकृतिक र कृतिम गर्भधारणको माध्यमबाट नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ|
- प्राङ्गारिक मल र जैविक बिषादी उत्पादन गर्न कृषकहरुको बिचमा तालिम र प्रबिधि उपलब्ध गराइनेछ|
- गाउँपालिका भित्रका कृषकहरुलाई फापर,जौ, सर्स्यु ,सूर्यमुखी फुल,अदुवा,हलेदो, बनस्पति जन्य नर्सरी ,कफी,भुँई स्याउ, कागती नर्सरी, मकको बिउ पकेट क्षेत्र ,दुबो र फुलखेतिमा प्रोत्साहन गरिनेछ|
- तरकारीका बिउ उत्पादन गर्नका लागि कृषकहरुलाई आबश्यक सहयोग गरिनेछ|
- रासायनिक मल प्रयोग गरेर माटोको अम्लियपन बढेको जमिनहरुमा माटो परिक्षण पछि कृषि चुन बिशेष अनुदानमा उपलब्ध गराईनेछ|
- स्वच्छ तथा सफा मासु पसल तथा डेरी संचालन प्रबर्धनको लागि आबश्यक नीति बनाई अनुदानको व्यबस्था मिलाइनेछ|
- बेरोजगार युवाहरुलाई आफ्नो सिप र क्षमता अनुसारको रोजगारमा आकर्षित गर्न कृषि तथा पशु शाखा मार्फत अर्गानिक खेती साथै व्यवसायमा आधारित पशुपन्छी पालनमा आवश्यक नीति बनाई अनुदानको व्यवस्था मिलाइने छ|

- **"एक वडा एक कृषि/पशु प्राबिधिक"** को नीति लिइने छ|
- कम्तिमा **एक वडामा ,एक जेष्ठ नागरिक समूह** गठन गरी परेवा पालन, मौरी पालन कार्यक्रमलाई आबश्यक नीति बनाई अनुदानको व्यबस्था गरिने छ| यो अनुदान नीति पूर्ण अपाङ्गमा पनि लागू गरिने छ|

**ग) सहकारी तथा वित्तीय क्षेत्र:**

- गाउँपालिकामा सहकारी संस्था संचालन गर्नका लागि सहकारी संस्था संचालन तथा नियमन गर्ने ऐन पारित गरी लागू गरिने छ|
- पशु तथा कृषि उत्पादन संग सरोकार राख्ने सहकारीका कार्यक्रमहरुमा गाउँपालिकाले ३०% सम्म साझेदारी गर्न सक्ने नीति बनाइनेछ|

**२.आवास तथा पुनर्निर्माण:**

नेपाल सरकार पुननिर्माण प्राधिकरणबाट भुकम्पबाट बास्तबिक पिडित नछुटोस भन्ने अभिप्रायले शुरुमा उपलब्ध गराईएको सेतो कार्ड र पुन छुट तथा पुन सर्वे पश्चात उपलब्ध गराइएको निलो कार्ड प्राप्त परिवारलाई वास्तविक लाभग्राही कायम गराउन सम्बन्धित सरोकारवाला निकायहरुमा आवश्यक पहल गरिनेछ| क्षेतीग्रस्त सार्बजनिक संरचनाहरुको पुनर्निर्माण गर्न संघ, प्रदेश सरकार र पुननिर्माण प्राधिकरण साथै अन्य सरोकारवाला संघ संस्थासंग समेत सहकार्य गरिने प्रतिबद्धता यस गरिमामय सभा समक्ष व्यक्त गर्न चाहन्छु||

**३.गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण:**

वडा नं ४ मा निर्माण भई रहेको वडा कार्यालय भवन निर्माण सम्पन्न हुने अन्तिम चरणमा रहेकोले सो कार्यलाई यथासम्भव सम्पन्न गरि सेवाप्रबाहलाई निरन्तरता दिइने छ| वडा नं ५ को वडा कार्यालय हालसम्म जिर्ण र जोखिम रुपको भवनमा भाडामा संचालन हुँदै आएकोमा उपयुक्त ठाउँमा जग्गा खोजी आफ्नै कार्यालय भवन निर्माण यसै बर्ष सम्पन्न गरी संचालनमा ल्याउन आबश्यक प्रक्रिया अगाढी बढाईनेछ| साथै सबै वडा कार्यालयहरु आफ्नै भवनबाट सेवा प्रदान गर्ने नीति अबलम्बन गर्दै लगिनेछ|

कार्यालयबाट प्रदान गरिने सबै सेवा सुबिधाहरुको बिषयमा नागरिक बडापत्र मार्फत सुचित गरिने व्यबस्था मिलाईनेछ| भवन अभावको कारण गाउँपालिकाको कार्य सम्पादनमा समस्या परेको हुँदा यसै वर्ष भवन निर्माण कार्य सम्पन्न गरी सेवा प्रदान गरिनेछ|

**४. पूर्वाधार:**

**सडक:**

- त्रिपुरासुन्दरी गाउँपालिका भित्रका सबै वडाहरु छुने गरी निर्माण सुरु भएका सल्यानटार-खहरे कार्की गाउँ बेलुन ,ओडारे मुलाबारी ठुलोबेसी हुँदै गाउँपालिका भवन चक्रपथ निर्माण कार्य तदारुकताका साथ स्तरौन्नती गरिनेछ| साथै उक्त सडक सर्बयामी चल्ने बनाउन आबश्यक पूर्वाधार तयार गर्दै जाने कार्य सुरु गरिनेछा| पुनर्निर्माणलाई ध्यानमा राखी बस्ती स्तरमा पुरयाईएका सडकहरुलाई दिगो बनाउन २५/७५को साझेदारी अवाधराणा लागू गरिनेछ|
- सल्यानटार भित्रका सडकहरु क्रमश ग्राबिल गरी गाउँपालिका चोक बाट क्रमश कालोपत्रे  गर्न यसै आ.व. बाट थालनी गरिनेछ | सडक कालो पत्रे संगै सल्यानटार मूल सडक खण्ड १५ मिटर चौडा कायम गरी आबश्यकता अनुसार ढल र  सडक पेटी निर्माण गरी किनारमा बिरुवा रोपी हरियाली सडक बनाउन पहल गरिनेछ|
- गाउँपालिका केन्द्रबाट सबै वडा कार्यालयहरुमा पुग्न सकिने गरी सडक संजाल जोडी यस्ता सडकहरुमा नाला,कटिंग वाल ग्याबिन,ग्राबिल जस्ता कामहरु सम्पन्न गरी बाह्रै महिना चल्न सक्ने बनाईने छ| गाउँपालिका भित्र महत्वपूर्ण सडक खण्डहरु नामकरण गरी मापदण्ड तयार गरेर नीतिगत रुपमा निर्णय भईसकेको हुँदा उक्त नीतिलाई कार्यान्वयन गर्न सक्रियता पूर्बक अगाडी बढिने छ|
- उपभोक्ता समिति मार्फत गरिएका निर्माणका कामहरुमा दक्ष कामदारहरुको अभावमा काममा भने जति गुणस्तरियता कायम गर्न कठिनाइ देखिएकोले पन्ध्र लाख भन्दा माथिका योजनाहरुलाई शिलबन्धी दरभाउपत्र तथा बोलपत्र आव्हान गरी निर्माण कार्य सुरु गरिने छ|
- युवा स्वरोजगारको लागि क्षमता विकास,सिप विकास, व्यावसायिक तालिम संचालन गरी गाउँपालिका स्तरमा रोजगारीको सिर्जना गरी युबाशक्ति पलायन हुनबाट रोक्न स्थानीय श्रममूलक कार्यक्रमहरु संचालनमा ल्याईनेछ| युवा शक्तिलाई विकास निर्माण कार्यमा केन्द्रित गराइने छ|

## ५) शिक्षा:

- भूकम्प पछि अस्थायी टहरामा हेर्दै आयको अध्ययन अध्यापनलाई सुरक्षित बिधालय भवनमा छिटो भन्दा छिटो स्थानान्तरण गर्न पहल गरिने छ|
- गाउँपालिका भित्र शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभाकारी रुपमा अघि बढाई बिद्यालयहरुमा शिक्षकहरुको समतामुलक वितरणलाई सुनिश्चित गरिनेछ|
- धार्मिक प्रकृतिका बिद्यालयलाई शिक्षाको मूलप्रवाहीकरण गर्न बिशेष व्यबस्था गरिने छ|
- विद्यालयमा शिक्षक र बिधार्थीहरुको अनुपात हेरी गुणस्तरीय शैक्षिक अनुदान कोष तयार गरी औचित्यको आधारमा प्रदान गरिने छ|
- शिक्षाको गुणस्तरीयता र सम्मानतामा आधारित बनाउन गाउँपालिकास्तरीय परिक्षा प्रणाली सुरुवात गरिने छ|
- गाउँ शिक्षा समितिलाई क्रियाशिल बनाइ शैक्षिक कार्यक्रम कार्यान्वयन र अनुगमनमा बिशेष जोड दिईने छ|
- शिक्षा क्षेत्रमा निजि क्षेत्रको सहभागितालाई व्यवस्थित र नियमन गर्ने तथा निजि र सार्बजनिक बिद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने सरोकारवाला निकायहरु संग अन्तरक्रिया र तालिमको व्यबस्था गरिने छ|
- दलित,जनजाति सिमान्तकृत लोपउन्मुख जातजाति, गरिब तथा जेहनदार बिद्यार्थीहरुलाई आवश्यकताका आधारमा छात्रबृति तथा शैक्षिक सामग्री वितरण गरिने छ|
- युबाहरुमा विभिन्न खेल र रचनात्मक कार्यक्रमहरु संचालन गरी नैतिक चारित्रिक अनुशासनको विकास गरी समाजप्रति  दायित्व बोध गराउने कार्यक्रमहरु समाबेश गराउनलाई उचित रकम विनियोजन गरिने छ| समयअनुसर बिद्यालयका प्र.अहरु शिक्षक आभिभाबक संघका अध्यक्षहरु बिद्यालय ब्यब्सथापन समितिका अध्यक्षहरु भेला गरी तत् तत् विद्यालयको समीक्षा गरि भावी दिनहरुमा अझ राम्रो कसरी बनाउन सकिन्छ भन्ने सन्दर्भमा अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन गरिने छ|

- स्थानीय सरकार समुदाय र विकासका साझेदारीहरु संगको सहकार्यबाट शिक्षाको गुणस्तर अभिबृद्धि गरिने छ|
- अपाङ्ग/भिन्न क्षमता भएका ब्यक्तिहरुको शैक्षिक पहुँचमा वृद्धि गरिने छ|
- बालविकास शिक्षा सम्बन्धी सिकाई सामाग्रीहरुको स्तर तथा सान्दर्भिकता सुनिश्चित गरि तिनलाई बालविकास केन्द्रका बालबालिकाको स्तरअनुरुप बनाइने छ|
- मल्टिमिडिया शिक्षण प्रणालीलाई प्रोत्साहन गरिनेछ|(कुनै १ सामुदायिक विद्यालयलाई छनौट गरि नमुना प्रयोग को व्यबस्था गरिनेछ)|
- सामुदायिक बिद्यालयको शैक्षिक पूर्वाधार निर्माण मर्मत सम्भार संचालन र व्यबस्थापनमा जोड दिईनेछ|
- सिकाईमा सूचना तथा संचार प्रबिधि लाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा बिकास गर्न कम्प्युटर नभएको बिद्यालयमा कम्तिमा पनि एक वोटा कम्प्युटर र प्रिन्टर उपलब्ध गराइनेछ|
- गाउँपालिका भित्र बिद्यालयहरुको नक्सांकन गरी बिद्यालय एकिकरण तथा तह घटाउने नीति अबलम्बन गरिनेछ|
- गाउँपालिकाको हरेक वडामा सामुदायिक सिकाई केन्द्र स्थापना गरी सो मार्फत कार्यक्रम संचालन गरिनेछ|
- अनिबार्य तथा निशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्न बिद्यालय बाहिर रहेका बालबालिका हरुलाई बिद्यालयहरुमा भर्ना गराउने कार्यक्रमलाई प्रभाबकारी बनाइने छ|
- सामुदायिक बिद्यालयतर्फ **SEE परिक्षामा उत्कृस्ट ग्रेड** प्राप्त गर्ने पांच पांच जना छात्र र छात्रालाई **"त्रिपुरासुन्दरी गाउँपालिका छात्र वृद्धि कोष"** मार्फत पुरस्कृत गर्ने नीति बनाई प्रदान गरिनेछ|
- बालविकास शिक्षकलाई गाउँपालिकाबाट दिंदै आएको सुविधालाई निरन्तरता दिइनेछ|
- विद्यालयको अवस्था शिक्षक दरबन्दी संख्या,विद्यार्थी संख्या र साविकमा शिक्षक दरबन्दी नपाएका र कम भएका बिद्यालयलाई निश्चित मापदण्डको आधारमा आधारभुत तह कक्षा ८ सम्म (७ बिद्यालय) र मा.वि तह कक्षा १० र् १२( ७ बिद्यालय) संचालनमा रहेका बिद्यालयमा गाउँपालिकाको स्रोतबाट कम्तिमा एक,एक वोटा शिक्षक दरबन्दी कायम गरी विद्यालयको

आवश्यकताको आधारमा बिशेष तह अंग्रेजी, गणित, र बिज्ञान बिषयको शिक्षक नियुक्ति गर्ने व्यबस्था मिलाइने छ|

- गाउँ शिक्षा समितिलाई क्रियाशील बनाई शैक्षिक कार्यक्रम कार्यन्वयन र अनुगमन गर्ने जिम्मेवार बनाइने छ|
- बिद्यालयहरुमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप साथै गाउँपालिका स्तरमा रास्ट्रपति कप, अध्यक्ष कप लगायतको खेलकुद प्रतियोगिता संचालन गरिनेछ|
- प्रदेश सरकारसंग समन्वय गरी एक उत्कृस्ट रंगशाला निर्माण गर्न जग्गा खरिद गरी निर्माण कार्य सुरु गरिनेछ|

**६) स्वास्थ्य:**

- सबै चिज बस्तु बाँचे चाहिने हो, बाँच्दा पनि स्वस्थ भएर बाँच्नु बान्छनीय छ| स्वस्थ समाज निर्माण गर्ने स्वस्थ बच्चा जन्माउने समय देखि नै ख्याल गर्नु पर्दछ| स्वस्थ बच्चा, आमा घर परिवार सदस्यहरु र सबै स्वस्थ रहन र राख्न सकियो भने त्यो घर परिवार सुखी परिवार हुन्छ| नेपाल सरकारले पनि सबैलाई न्यूनतम भए पनि स्वास्थ्यमा पहुँच पुर्र्याउन **एक गाउँपालिका एक प्राथमिक स्वास्थ्य केन्द्र** को अबधाराणा लिएर आएको छ| यस गाउँपालिका भित्र पनि छिटो भन्दा छिटो पन्ध्र शैयाको हस्पिटल संचालन गर्न आवश्यकीय पूर्वाधार तयार गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ| प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी ईकाईमा चौबिसै घण्टा सेवा प्रदान गर्ने कर्मचारीहरु प्रति उत्प्रेणा जगाउने कार्यक्रमलाई निरन्तरता दिंदै लगिनेछ|
- हरेक वडामा कम्तिमा एउटा स्वास्थ्य केन्द्रको पूर्वाधार तयार गरी स्वास्थ्यमा नागरिकको सहज पहुँचको व्यबस्था मिलाईने छ | वडा नं १मा आधारभूत स्वास्थ्य चौकी स्थापना गर्ने प्रक्रियाको थालनी तथा वडा नं ५ को सामुदायिक स्वास्थ्य ईकाईबाट स्वास्थ्य चौकीमा अपग्रेड गर्न आबश्यक पहलकदमी लिइनेछ| आपतकालीन बिमारी सुत्केरी दिर्घ रोगी र आकस्मिक बिमारीहरुले समयमा नै उपचार नपाइ ज्यान गुमाउन नपरोस भन्ने हेतुले वडा तहहरुमा पनि क्रमश एमबुलेन्स सेवा विस्तार गर्दै लाने नीति अबलम्बन गरिनेछ| साथै सबै स्वास्थ्य संस्थाहरु सम्म सर्वयामी एम्बुलेन्स सेवा सन्चालनको लागि सडक संजाल बिस्तार तथा स्तरौउन्नति गर्दै लगिने छ| बिगत दिनहरुमा जस्तै

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसंग साझेदारी गरी अलग अलग वडाहरुमा अलगअलग शिबिर संचालन गरिनेछ|

- महिलाहरुको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न स्वास्थ्य सेवामा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्यमा विभिन्न शिविरहरु र घर परिवार सदस्यहरु संग छलफल भेटघाट र अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ|
- प्रत्येक वडामा जेस्ठ नागरिक आराम तथा भेटघाट गर्ने स्थल निर्माण गर्दै लगिनेछ|
- बाल तथा मातृमृत्यु दरमा न्यूनिकरणमा जोड दिइनेछ|
- सुर्ती मदिरा र लागूपदार्थ जन्य बस्तुहरुको प्रयोग नियन्त्रण र सचेतना कार्यक्रमलाई अभिवृद्धि गर्दै लगिने छ|
- बर्थिंङ्ग सेवालाई प्रभाबकारी बनाउन सबै स्वास्थ्य संस्थाहरुमा सुत्केरी प्रतिक्षालय घर निर्माण गरी खान बस्न निशुल्क व्यवस्था गरिने छ|जसका कारण घर मा सुत्केरी हुने शुन्य वडाहरु घोषणा गर्दै सिंगो गाउँपालिका घोषणा गर्ने नीति लिईनेछ|
- वडा नं १ र २ सल्यानटारमा यसै वर्ष देखि उक्त कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ|
- HIV/AIDS संक्रमित व्यक्तिहरुलाई यातायात खर्च बापत रु. ५०००|- आर्थिक सहायता उपलब्ध गराइनेछ|

**७)खानेपानी:**

- स्वच्छ खानेपानी मानब जीबनको नैसर्गिक अधिकार हो| पानीका मुहानहरु भएका ठाउँमा व्यवस्थित वितरण गर्दै लगिनेछ| एक घर एक धारा अभियानलाई निरन्तरता  दिईने छ | स्वच्छ पिउने पानी प्रबर्धन गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्था संग सहकार्य र प्रोत्साहित गरिने छ |
- पानीका मुहान सहज नभएका ठाउँहरुमा प्रविधिको खोजी गरी **डिप बोरिंग,लिफ्टिंग प्रबिधि** र आकासे पानी जम्मा गरी प्रयोगमा ल्याउने बिधि अबलम्बन गरिनेछ|
- खानेपानीको मुहान सरसफाई बृक्षारोपण भू क्षय नियन्त्रण गरी मुहान संरक्षण का लागि स्थानीय उपभोक्ताहरुको सहभागितामा संरक्षण गर्न प्रोत्सहान गरिने छ|

- सल्यान्टारको पिउने पानी समस्यालाई दिगो रुपमा समाधान गर्न अल्पकालिन **पांचधारेको डिप बोरिंग देउराली खोला लिफ्ट** योजना संचालन गर्न दिगोपनको लागि मंपांग खोला मुहानको डी.पी.आर निर्माण कार्य सम्पन्न भईसकेकोले सोहि अनुसार निर्माण कार्यलाई अगाढी बढाईनेछ| नेपाल सरकारको सहलगानीमा आयोजना मार्फत स्वच्छ पिउने पानीलाइ उच्च प्राथमिकतामा राखी स्रोतको अधिकतम प्रयोग र समानुपातिक वितरणमा ध्यान दिंदै "**एक घर, एक धारा"** वितरण नीतिलाई निरन्तरता दिइनेछ|

**८) बिधुत:**

- त्रिपुरासुन्दरी गाउँपालिकाका सबै घरधुरी मा बिधुतको केन्द्रीय लाइन जडान भईसकेको छ|यसै वर्ष भित्र मा काठका पोलमुक्त गाउँपालिका बनाउने नीति अबलम्बन गरिने छ| आबश्यकता अनुसार ट्रान्सफरमरहरुको व्यबस्था मिलाउन पहल गरिने छ| पटक पटक बिधुत लाइन जाने र आउने गर्दा विधुतीय सामानहरुको क्षतिलाई मध्येनजर राख्दै उचित व्यबस्थापन गर्न पहल गरिने छ|
- बिधुत महशुल बुझाउन धादिङ्गबेसी जानुपर्ने कारणले धादिङ्गका उत्तरी क्षेत्रका अधिकांस मानिस महसुल जरिबानामा परेको समस्यालाई मध्ये नजर गरी यसै आ.व. बाट सल्यानटारमा प्राधिकरणको हुँदा बिधुत महशुल काउन्टर तत्काल स्थापना गरी सेवामा सहजता ल्याईनेछ |

**९) सूचना तथा संचार प्रबिधि:**

- गाउँपालिकाको सेवा सुबिधा, नीति नियम, सूचना तथा गतिविधिहरु सबै नागरिकको पहुँचमा पुर्याउन मोबाईल एप्स "**साझा त्रिपुरासुन्दरी**"को निर्माण कार्य अन्तिम चरणमा रहेको र सो एप्स लाई नागरिक सामु अझ बढी परिस्कृत साथै USER FRIENDLY बनाउदै लगिनेछ|
- योजना/कार्यक्रमको सम्झौता प्रक्रियामा कर्मचारी र सेवाग्राहीलाई हुने ढिला सुस्ती र एक क्लिकमा सम्पूर्ण रिपोर्ट हेर्न मिल्ने साथै कर्मचारी र सेवाग्राही बिचको दुरी कम गर्नको लागि आगामी आ.व ०७६/७७ देखि **योजना संचालन तथा अभिलेख व्यबस्थापन सफ्टवेयर**लाई प्रयोगमा ल्याईनेछ|
- गाउँपालिकाको कार्यालय र अन्तर्गतका शाखाहरुमा गतिबिधिहरुको निगरानी तथा पारदर्शिता कायम गर्न सी.सी. क्यामरा जडान लाई प्रभावकारी कार्यन्वयन गरिनेछ|

- गाउँपालिका तथा वडा कार्यालयहरुमा हस्तलिखित रुपमा संचालन गरिने कार्यहरुलाई सूचना प्रबिधिको प्रयोग मार्फत विस्थापित गरिदै लगिनेछ|
- गाउँपालिकाको १ देखि ७ वटै वडा कार्यालयहरुबाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली लागु गरिने छ जसका लागि वडामा कार्यरत कर्मचारीलाई सूचना तथा संचार प्रबिधि सम्बन्धि तालीमको समेत व्यबस्था मिलाईनेछ|
- सबै वडामा संचालित इन्टरनेट सेवाको सेवा प्रबाह तथा क्षमतामा विकास गरिनेछ|
- गाउँपालिका र वडा तहका सूचनाहरुलाई वेबसाइट मार्फत प्रकाशन र अद्यावधिक गरिनेछ|
- गाउँपालिका तथा वडा तहमा पनि नागरिकहरुले गुनासो तथा उजुरी गर्न सक्ने संयन्त्र को बिकास गरिनेछ|
- आवधिक रुपमा सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गरिनेछ|सार्बजनिक सुनुवाईमा उठेका सवाल र सम्बादका बिषयमा समिक्षा गरिनेछ|
- उपभोक्ता समिति वा निर्माण व्यबसायीबाट सम्पादन हुने विकास निर्माण कार्यको प्रभावकारी रुपमा सार्बजनिक परिक्षण तथा सार्बजनिक सुनुवाई कार्यलाई प्रभावकारी बनाइनेछ|

**१०) महिला बिकास:**

- शिक्षा स्वास्थ्य तथा रोजगारीमा महिलाहरुको पहुँच वृद्धि गर्दै लगिनेछ|
- महिला शसक्तिकरणका क्रममा गृहिणी शिक्षालाई प्रोत्सहान गरिने छ|
- महिला माथि हुने हिंसा र मानब बेचबिखन तथा ओसार पसार कार्यलाई निरुत्साहित गरिने छ|
- महिला हरुलाई सिलाई बुनाई ब्युटी पार्लर लगायतका व्यावसायिक तालिम दिई व्यबसायतर्फ सक्रिय बनाउने नीति लिइनेछ|
- सासु बुहारी सम्बाद कार्यक्रमलाई निरन्तरता दिईनेछ|
- विकास निर्माणका हरेक चरणमामा महिलालाई बिशेष प्राथमिकता दिई **"बिकासमा महिला,महिलालाई पहिला"** को नीति अबलम्बन गरिनेछ|

**११) बाल विकास:**

- बाल विकास केन्द्र स्थापनामा जोड दिइनेछ|
- बाल श्रमशोषणलाई निरुत्साहित गर्दै लगिने छ|
- बालमैत्री स्थानीय शासन कार्यक्रम (CFLG)संचालन गरिनेछ|
- निर्माण हुने संरचनाहरु बाल तथा लक्षित वर्ग मैत्री बनाइनेछ|
- वालबालिका सम्बन्धित सबै काम र क्षेत्रको अनुगमन गरि आवश्यक निर्देशन समेत दिन कानून निर्माण गरी **एक बाल अधिकार अनुगमन समिती** गठन गरिने छ|
- हरेक टोलमा बाल क्लबहरु गठन गरी उनीहरुको हक अधिकार सुनिश्चित गर्ने कार्यक्रम संचालन गरिने छ|साथै पालिका स्तरीय बाल संजाल गठनको गर्ने व्यबस्था मिलाईनेछ|

**१२) जेष्ठ नागरिक तथा अपांगता सम्बन्धमा:**

- गाउँपालिका क्षेत्रभित्र रहेका अपाङ्ग व्यक्तिहरुको तथ्यांक संकलन, अपाङ्गता जेष्ठ नागरिक परिचयपत्र वितरण र अध्यावधिक गरिनेछ|
- शिपमूलक रोजगारमूलक तथा आयमूलक कार्यक्रम संचालनमा जोड दिइनेछ|साथै अब बन्ने संरचनाहरु अपाङ्गमैत्री बनाउने नीति लिइनेछ|
- अपाङ्गता पहिचान बर्गिकरण तथा सुबिधा र सहयोगको लागि गाउँपालिकास्तरमा नै कार्यबिधि बनाई लागू गरिनेछ|

**१३) दलित एबं पिछडा वर्ग उत्थान:**

- छुवाछुत तथा भेदभाद उन्मुलनको लागि प्रभावकारी कार्यक्रम संचालन गरिनेछ|
- शिपमुलक रोजगारमूलक तथा आयमुलक कार्यक्रम संचालनमा जोड दिइनेछ|
- आरन सुधार परम्परागत सिलाई बुनाई पेश भएका समुदायलाई आधुनिक तालिमको व्यबस्था गरिनेछ|

- दलित एबं पिछडा समुदायको हक हितका लागि काम गर्ने गरि गाउँसभा द्वारा कानुन निर्माण गरि एक **दलित परिषद गठन** गरिनेछ|

**१४) युवा तथा खेलकुद विकास:**

- कुलत तथा दुर्व्यसनीमा लागेका युबाहरुलाई रुपान्तरणको लागि जोड दिइनेछ|
- युवाहरुलाई विभिन्न व्यावसायिक तालीम प्रदान गरिने छ|
- अन्तर वडास्तरीय विभिन्न खेलहरुको आयोजना गरी खेलकुदलाई प्रबर्द्धन र विकास गरिनेछ|
- बिद्यालयहरुमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप साथै गाउँपालिका स्तरमा रास्ट्रपति कप, अध्क्षय कप लगायतको खेलकुद प्रतियोगिता संचालन गरिनेछ|
- प्रदेश सरकारसंग समन्वय गरी एक उत्क्रिस्ट रंगशाला निर्माण गर्न जग्गा खरिद गरी निर्माण कार्य सुरु गरिनेछ|

**१५) संस्कृति तथा पर्यटन:**

- गुरुयोजना सहितको त्रिपुरासुन्दरीको मन्दिरमा View Tower निर्माण गरी यहाँको सांस्कृतिक र पर्यटकीय क्षेत्रको प्रचार प्रसारमा व्यापकता ल्याइने कार्यलाई यस आ.व मा पनि निरन्तरता दिइने छ|
- बुढीगण्डकी जलाशययुक्त आयोजनाबाट प्रतक्ष्य सरोकार राख्ने सल्यानटारमा दरै र कुमाल जातिहरुको लोक संस्कृती झल्किने कला संस्कृति प्रस्तुति साथै वडा नं ३ मुलपानीको ओडारेमा **होमस्टे(Homestay)** निर्माण साथै प्रबर्धनको लागि आबस्यक प्रदेश सरकार र केन्द्रीय सरकार संग आबश्यक पहल गरिनेछ |
- आगिन्चोकको फटिक खम्बा,ओडारे बनझाँक्री गुफा,रिग्ने hydropower,सल्यानटारको रानी पोखरी र नरसिंह धाम ,त्रिपुरासुन्दरी माईको मन्दिर,ऐतिहासिक आरुघाट बजार आन्तरिक र बाहय पर्यटक भित्र्याउन प्रचार प्रसार अभियानमा तिब्र पारिनेछ|

**१६) वाताबरण तथा विपद ब्यबस्थापन:**

- स्थानीय समुदायको अग्राधिकार रहने गरि बन पैदावार र बन क्षेत्रको नोक्सानी नहुने गरि बन क्षेत्रको व्यावसायिक बिकासमा जोड दिईनेछ|
- परम्परागत चुल्होबाट खाना पकाउन बाध्य आमा, दिदिबहिनीहरुको स्वास्थ्यमा प्रतक्ष्य प्रभाव पार्ने घरभित्रको धुवाँलाई न्यूनीकरण गर्नको लागि आधुनिक सुधारिएको चुलो, बायोग्यास जडानमा आबश्यक अनुदान दिंदै बैकल्पिक उर्जा प्रबर्धनलाई बिशेष प्राथमिकतामा राखिनेछ|
- कृषि क्षेत्रमा प्रयोग हुने रासायनिकमल र बिषादिहरुलाई न्यूनीकरण गर्दै आर्गानिक खेती र उत्पादन गर्ने कृषकलाई बिशेष सहयोग गरिनेछ|
- नेपाल सरकारद्वारा स्वीकृत वाताबरण मैत्री स्थानीय शासन अवधाराणा(EFLG) अनुरुप बाताबरण मैत्री संरचनागत विकास निर्माणमा बिशेष जोड दिइनेछ|
- भू-क्षय लगायत बाढी,पहिरो रोकथामको निम्ति हरेक योजनाको कुल लागतको केहि प्रतिशत रकम बायो-इन्जिनियरिङमा खर्च गर्नुपर्ने प्राबधानलाई बिशेष नीति बनाई कार्यन्वयनमा जोड दिइनेछ|
- होटल र बसपार्क क्षेत्रमा हुने समुदायको चापलाई हेरी लपांग,बेलुन भन्ज्यांग, मुर्चोक भन्ज्यांग, सुनपोखरी र सल्यानटार सानागाउँ आदि ठाउँमा सार्बजनिक शौचालय निर्माण यसै कार्य शुरु गरिने छ|

**१७) सरसफाई तथा फोहोरमैला व्यबस्थापन:**

- टोल स्तरमा सरसफाई तथा फोहोर व्यबस्थापन समूह गठन गरि क्रियाशील बनाईनेछ|
- बस्तीस्तरको फोहोर व्यबस्थापन गर्ने ठाउँ छनौट गर्न समूहलाई जिम्बेवार बनाउदै लगिनेछ|
- कुइने र नकुइने फोहोर घरमै छुट्याउने व्यबस्था गरिने छ|
- सार्बजनिक स्थानमा फोहोर फाल्न निरुत्साहित गर्न चरणबद्ध कार्यक्रमहरु संचालन गरिने छ|
- सल्यानटारमा ल्याण्डफिल्ड साइडको उचित व्यबस्था र प्रयोग गरिनेछ|
- प्लास्टिक पुनर्प्रयोग विधिलाई अबलम्बन गर्दै लगिने छ|

**18) भुमि व्यबस्थापन:**

- सार्बजनिक भूमिको पहिचान र अभिलेख गरी अतिक्रमणलाइ नियत्रण गरिनेछ |
- सरकारी प्रति जग्गाको लगत लिई सो को संरक्षणका लागि उपयक्त कार्यदल गठन गरिनेछ|
- डिजिटल नापी प्रणाली क्रमश लागू गरिनेछ|
- सल्यानटारमा व्यवस्थित बस्ति बिकासको लागि आबश्यक नीति लिइनेछ|

**१९) बिबिध :**

- गाउँपालिकाको यातायत कठिनाइ लाई मध्येनजर राख्दै सुरु गरिएको चक्रपथ निर्माण कार्यलाई सक्रियता पूर्बक अगाडी बढाइने छ|
- स्थानीय तह सहकारी ऐन तर्जुमा गरिने छ|स्थानीय तह बजार अनुगमन निर्देशिका तर्जुमा गरिने छ|
- न्यायिक समितिले उजुरीको कारबाई किनारा लगाउदा अपनाउनेपर्ने कार्यविधि को सम्बन्धमा आवश्यक कानूनको तर्जुमा गरिने छ|
- स्थानीय तहको उपभोक्ता समिति गठन परिचालन तथा व्यबस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ|
- घ)बर्गको निर्माण व्यबसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ|
- सम्पति कर व्यबस्थापन कार्यविधि तर्जुमा गरिनेछ|
- करार जनशक्ति व्यबस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ|
- बाल मैत्री स्थानीय शासन कार्यक्रम तर्जुमा गरिनेछ|
- बाताबरण मैत्री स्थानीय शासन कार्यक्रम तर्जुमा गरिनेछ|
- लैगिक हिंसा न्यूनीकरण गर्न जोड दिइनेछ|
- जेस्ठ नागरिकका लागि सम्मान कार्यक्रम संचालन गरिने छ|
- जनउत्तरदायी स्थानीय भ्रस्टाचारमुक्त स्थानीय प्रशासन र विधिको शासन स्थापना गरिने छ|
- सामाजिक सुरक्षा भत्ता घरघरमै वितरण गर्ने व्यबस्था गरिने छ|
- सहिद परिवार र तिनका सन्ततीहरुलाई गाउँपालिकाले तोकेको राजश्व शुल्कमा छुट दिइनेछ |

- बिधमान अवस्थामा रहेका मठ, मन्दिर, मस्जिद, प्राथना गृह, चर्च गुम्बा लगायत धार्मिक सम्पदाको सँरक्षण र सम्बर्धन गरिने छ|
- **"एक घर एक धारा"** कार्यक्रम सल्यानटारमा आभियानको रुपमा अगाढि बढाइनेछ,आबश्यकता अनुसार लिफ्टिंग र डिप बोरिंग प्रबिधि मार्फत पिउने पानी उपलब्ध गरिने छ| नेपाल सरकारको सहलगानी आयोजना अन्तर्गत मंपांगखोला सल्यानटार खानेपानी आयोजना पनि यसै वर्ष देखि शुरु गरिनेछ|
- गम्भीर प्रकितिका रोग लागेका मुटु,कलेजो,मृगौला,क्यान्सर र ब्रेन ट्यूमर जस्ता सम्बेदनशील रोग लागेका त्रिपुरासुन्दरी गाउँबासीलाई सम्बन्धित डाक्टर व अस्पताल को सिफारिस मा एकपटक रु ५०००|- सहायता दिईनेछ|
- गाउँपालिकाको कार्यालय क्षेत्र आसपासमा ब्यबस्थित पार्किंगको व्यबस्था गरिनेछ|
- सल्यानटार लामो बगैचा आसपासमा रहेका बुडा र धोत्रा आँपका रुखहरु व्यबस्थापन गरी नयाँ बनस्पति जन्य बिरुवा हरु रोप्ने कार्यलाई बिशेष जोड दिइने छ|
- सबै वडामा निर्माण भएका हेलीप्याडहरुलाई व्यवस्थित गरिनेछ|
- एक गाउँ एक जेष्ठ नागरिक भेटघाट तथा आराम सामुदायिक भवन निर्माण गरिनेछ|
- सल्यानटार शहरीकरण लाई मध्ये नजर राख्दै जग्गा खण्डिकरण गर्दा ८ आना भन्दा सानो कित्ता काट नगर्ने नीति अबलम्बन गरिनेछ|
- त्रिपुरासुन्दरी गाउँपालिकामा ल्याण्ड लाइन फोन थप बिस्तार गर्न आवश्यक पहल गरिनेछ|
- यस गाउँपालिकालाई पेश्की रहित गाउँपालिका बनाईने छ|

**"कृषि जलस्रोत,पर्यटन,सम्बृद्ध समाज त्रिपुरासुन्दरीको आधार"**

**"त्रिपुरासुन्दरी बासीको रहर ,व्यवस्थित सुबिधा संम्पन्न सल्यानटार शहर"**

पालिका गौरबकाका आयोजना जनसहभागिता राष्ट्रिय नीति तथा कार्यक्रम,आवधिक योजना,सुशासन ,कानुनी शासन त्रिपुरासुन्दरी बासीको चाहनाको आधारमा "त्रिपुरासुन्दरी बासीको रहर ,व्यवस्थित

सुबिधा संम्पन्न सल्यानटार शहर" बनाउने अभियानलाई आर्थिक विकास,सामाजिक विकास,पूर्वाधार विकास ,विपद तथा वाताबरण व्यबस्थापनमा जोड दिनको लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा एकिकृत बस्ती विकास कार्यक्रम यसै बर्षबाट थालनी गरिनेछ| हाल डी.पी.आर तयार भएको टारीबेसी सल्यानटार सडक कालोपत्रे यसै बर्षबाट सुरु गरिनेछ|

बिगत देखि ख्याती प्राप्त सल्यानटारको मास खेतीलाई व्यवस्थित र व्यापारमूखी बनाउन विभिन्न समूहहरु मार्फत संकलन गरी बिक्रि वितरणमा आबश्यक सहयोग गरिने नीति ल्याइनेछ|

र अन्त्यमा गत आर्थिक बर्ष ०७५/०७६ को नीति तथा कार्यक्रम ,योजना तथा बजेट कार्यान्वयनमा लाग्नु हुने जनप्रतिनिधि साथीहरु,कर्मचारी मित्रहरु तथा आम नागरिकमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु र आर्थिक वर्ष ०७६/०७७ को माथि उल्लेखित नीति तथा कार्यक्रम तथा योजनाहरुको कार्यन्वयन गर्न बजेट बिनियोजन गरि कार्य संचालन गरिनेछ| यस बर्षको नीति,कार्यक्रम, योजना र बजेट कार्यन्वयनमा यहाँहरुको अझ बढी सहयोग र क्रियाशिलको अपेक्षा गर्दछु| यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक कृतज्ञाता सहित धन्यबाद व्यक्त गर्दछु|

धन्यबाद नमस्कार!!

२०७६|०३|१०

**शम्भु कुमार थापा**

**अध्यक्ष**